छबिसपाथिभेरा गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

ब्याँसी, बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.०८२/०८३ नेपाल संबत्: ११४६ मिति २०८२।८।२६

च.न 322

## पोषणमैत्री स्थानीय तह घोषणाकालागि विशेष अनुदान कार्यक्रम कार्यान्वयनकालागि शिलबन्दी प्रस्ताव आह्वान गरिएको सूचना

सूचना प्रकाशित मितिः २०८२।०८।२६

यस गाउँपालिकाका ७ वटै वडामा आ.व.२०८२।०८३ मा यस गाउँपालिकाको स्विकृत बजेट कार्यक्रम अनुसार पोषणमैत्री स्थानीय तह घोषणाकालागि विशेष अनुदान कार्यक्रम संञ्चालन गर्नु पर्ने भएकोले सोकालागि प्रतिस्पर्धाबाट योग्यताक्रम निर्धारण गरि सेवा प्रदायक संस्थाको छनोट गर्नुपर्ने भएकोले ईच्छुक सेवा प्रदायक संस्था/ गैर सरकारी संस्था / फर्मबाट उक्त कार्यक्रम संञ्चालन गर्नकालागि रितपूर्वक प्रस्ताव आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु**

१. प्रस्ताव आह्वानको सूचना प्रथम पटक भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र कार्यक्षेत्रगत शर्त **TOR** प्राप्त गर्न सकिने छ र १६ औ दिनको १२.०० बजे भित्र यस गाउँपालिकामा शिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्ने छ। यसरी दर्त्ता भएका प्रस्तावहरु सोही दिनको २.०० बजेदेखि कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।

२. प्रस्ताव दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगतै कार्यालय खुलेको दिन दर्त्ता वा खोल्ने कार्य गरिने छ।

३. प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहने छ।

४. फर्म खरिदकालागि राजश्व शाखाबाट रु ३०००। (तीन हजार पछि फेर्ता नहुने गरी) को नगदी रसिद वा यस कार्यालयको नाममा रहेको श्री कुमारी बैङ शाखा ब्यासी बझाङमा रहेको आन्तरिक राजश्व खाताको खाता नं. ०९००३७८९७६०००२२ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गरि खरिद गर्न सकिने छ।

५. **TOR** अनुसारका शर्तको पालना नभएको र रित नपुगि पेश हुन आएका प्रस्तावहरुलाई मान्यता दिईने छैन।

६. कार्यगत शर्त **TOR** हरु यस गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ।

संञ्जय कुमार यादव

नि.प्रमुख प्रशासकीय अधिकृत